बबरमहल, काठमाडौं
फोन नं.: ०१-४१०२१८६
०१- ४१०२१३५
E-mail:mint@nrb.org.np
Website: www.nrb.org.np

# नेपाल राष्ट्र बैंक
## मुद्रा व्यवस्थापन विभाग
### टक्सार महाशाखा

संख्याः आ.प्र/विविध/०७८/७९ मितिः २०७९/०३/०९

सम्बन्धित सवैको जानकारीको लागि ।

**विषयः नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

सुनचाँदी, असर्फी, स्मारिका सिक्का र मेडालियनहरूको खरिद, टकमरी र बिक्री कार्यलाई व्यवस्थित गर्न बनेको नेपाल राष्ट्र बैंक सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५ मा यस बैंकको संचालक समितिको मिति २०७९/०१/०५ को निर्णयबाट देहाय बमोजिम संशोधन भएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

| दफा | साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|
| दफा ७ को उपदफा २ को खण्ड (ग) | खण्ड (ख) बमोजिम गणना गरिएको आधार मूल्यमा टकमरी गर्दाको जर्ती लगायतको लागत वापत **प्रति ग्राम दुई सय रुपैयाँका दरले रकम थप गरी असर्फीको दैनिक बिक्री मूल्य निर्धारण गर्ने ।**<br>तर, सर्वसाधारण बाहेक संगठित तथा निजी क्षेत्रका संस्थागत खरिदकर्ताबाट प्रयोजन खुलाई न्यूनतम बीस थान असर्फी माग भई आएमा असर्फीको मौज्दात, माग गर्ने संस्थाको आवश्यकता तथा औचित्यका आधारमा विभागीय निर्णयबाट बिक्री गर्न सकिने । यसरी बिक्री गर्दा खण्ड (ख) बमोजिमको आधार मूल्यमा जर्ती लगायतको लागत वापत **प्रति ग्राम तीन सय रुपैयाँ थप गरी बिक्री मूल्य निर्धारण गर्ने ।** | खण्ड (ख) बमोजिम गणना गरिएको आधार मूल्यमा टकमरी गर्दाको जर्ती लगायतको लागत वापत **प्रति ग्राम तीन सय रुपैयाँका दरले रकम थप गरी असर्फीको दैनिक बिक्री मूल्य निर्धारण गर्ने ।**<br>तर, सर्वसाधारण बाहेक नेपाल सरकारका निकायहरू वा निजी तथा सार्वजनिक संघ/संस्थाहरूबाट असर्फी खरिदको लागि माग भई आएमा असर्फीको मौज्दात, माग गर्ने संस्थाको आवश्यकता तथा औचित्यका आधारमा बिक्री गर्न सकिने । यसरी बिक्री गर्दा खण्ड (ख) बमोजिमको आधार मूल्यमा जर्ती लगायतको लागत वापत **प्रति ग्राम पाँच सय रुपैयाँ थप गरी बिक्री मूल्य निर्धारण गर्ने ।** |

भवदीय,

(विनोदराज आचार्य)
निर्देशक

बोधार्थः
श्री नेपाल राष्ट्र बैंक, मुद्रा व्यवस्थापन विभाग ।